सङ्घीय संसद

प्रतिनिधि सभा

# राज्य व्यवस्था तथा सुशासन समिति

## सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० को सम्बन्धमा समितिको प्रतिवेदन

१. सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यसपछि "विधेयक" भनिएको) को प्रस्तावनामा रहेको "उत्तरदायी" भन्ने शब्दको सट्टा "जनउत्तरदायी, समावेशी, पारदर्शी, परिणाममुखी, प्रविधिमैत्री" भन्ने शब्दहरु र "सुशासनमुखी" भन्ने शब्दको सट्टा "सुशासनयुक्त" भन्ने शब्द राखे।

२. विधेयकको दफा १ को उपदफा (१) मा रहेका "२०८०" भन्ने अङ्कहरुको सट्टा "२०८२" भन्ने अङ्कहरु राखे।

३. विधेयकको दफा ४ को उपदफा (२) पछि देहायको उपदफा (३) थप्ने,-

"(३) नेपाल सरकारको स्वामित्वमा रहेका संस्थान वा निकायहरुको हकमा पनि यो ऐन मार्गनिर्देशक हुनेछ।"

४. विधेयकको दफा ५ को,-

(१) उपदफा (२) मा रहेका "कर्मचारी" भन्ने शब्दको सट्टा "निजामती कर्मचारी" भन्ने शब्दहरु राखे।

(२) उपदफा (३) मा रहेका "अधिकृत तेह्रौं तहसम्म नै" भन्ने शब्दहरुको सट्टा "अधिकृत चौधौं तह तथा तेह्रौं तहमा समेत" भन्ने शब्दहरु राखे।

(३) उपदफा (४) मा रहेका "अधिकृत तेह्रौं तहका" भन्ने शब्दहरुको सट्टा "अधिकृत चौधौं तहका" भन्ने शब्दहरु राखे।

५. विधेयकको दफा ६ को,-

(१) उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखे:-

| | | |
|---|---|---|
| "(क) | राजपत्राङ्कित विशिष्ट | अधिकृत पन्ध्रौं |
| | | अधिकृत चौधौं |
| | | अधिकृत तेह्रौं" |

(२) उपदफा (२) को,-

(क) खण्ड (क) मा रहेका "चौधौं तहमा" भन्ने शब्दहरुको सट्टा "पन्ध्रौं तहमा" भन्ने शब्दहरु राखे।

(ख) खण्ड (ख) मा रहेका "तेह्रौं तहमा" भन्ने शब्दहरुको सट्टा "चौधौं तहमा" भन्ने शब्दहरु राखे।

(३) उपदफा (३) मा रहेका "राजपत्र अनङ्कित तृतीय श्रेणी वा" भन्ने शब्दहरु र "श्रेणी वा" भन्ने शब्दहरु झिक्ने।

(४) उपदफा (५) मा रहेका "श्रेणी वा" भन्ने शब्दहरु झिक्ने।

६. विधेयकको दफा ७ को उपदफा (२) मा रहेका "पदस्थापन गर्दा" भन्ने शब्दहरुको सट्टा "पदस्थापन वा सरुवा भएको पदमा कार्यभार सम्हाल्नु अघि" भन्ने शब्दहरु राख्ने।

७. विधेयकको दफा ८ को उपदफा (१) मा रहेका "एक प्रति सम्बन्धित कर्मचारीको सुपरिवेक्षकलाई उपलब्ध गराउनु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "राख्नु पर्नेछ" भन्ने शब्दहरु राख्ने।

८. विधेयकको दफा ९ को,-

(१) उपदफा (१२) को सट्टा देहायको उपदफा (१२) राख्ने:-

"(१२) यो ऐन प्रारम्भ भए पछि पहिलो पटक अधिकृत तेह्रौं तहको दरबन्दी कायम गर्दा नेपाल सरकारले यो ऐन प्रारम्भ भएको तीन महिनाभित्र सो तहको दरबन्दी रहने निकाय यकिन गरी दरबन्दी कायम गर्नु पर्नेछ।"

(२) उपदफा (१२) पछि देहायका उपदफा (१३) र (१४) थप्ने:-

"(१३) उपदफा (१२) को प्रयोजनको लागि सम्बन्धित मन्त्रालय वा केन्द्रीयस्तरको निकायले यो ऐन प्रारम्भ भएको दुई महिनाभित्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी मन्त्रालय समक्ष पेश गरी सक्नु पर्नेछ।

(१४) यस दफा बमोजिम अधिकृत तेह्रौं तहको दरबन्दी कायम गर्दा वा सिर्जना गर्दा दफा ५ को उपदफा (३) बमोजिमको जुन सेवाको समूहीकरण (क्लष्टर) अन्तर्गत दरबन्दी कायम भएको हो सो समूहीकरण (क्लष्टर) अन्तर्गतको कम्तीमा त्यति नै सङ्ख्यामा अधिकृत चौधौं तह वा राजपत्राङ्कित प्रथम श्रेणीको दरबन्दी कटौती गर्नु पर्नेछ।"

९. विधेयकको दफा १० को,-

(१) उपदफा (१) को खण्ड (च) र (ज) को सट्टा देहायका खण्ड (च) र (ज) राख्ने:-

| | | | | | |
|---|---|---|---|---|---|
| "(च) | राजपत्राङ्कित तृतीय श्रेणी | अधिकृत सातौं | ६०% | १०% | ३०% |
| (ज) | राजपत्राङ्कित प्रथम श्रेणी | अधिकृत एघारौं | - | १५% | ८५%" |

(२) उपदफा (२) मा रहेका "वा (ज)" भन्ने शब्दहरु झिकी सोही उपदफामा रहेका "राजपत्राङ्कित द्वितीय श्रेणीको पदको लागि कम्तीमा सात वर्ष र राजपत्राङ्कित प्रथम श्रेणीको पदको लागि दश वर्षको" भन्ने शब्दहरुको सट्टा "कम्तीमा पाँच वर्षको" भन्ने शब्दहरु राख्ने।

(३) उपदफा (३) मा रहेका "एक वर्षसम्म" भन्ने शब्दहरुको सट्टा "दुई वर्षसम्म" भन्ने शब्दहरु राख्ने।



संघीय संसद नेपाल प्रतिनिधि सभा राज्य व्यवस्था तथा सुशासन समिति २०७९

(४) उपदफा (५) मा रहेका "सङ्घीय निजामती सेवाको" भन्ने शब्दहरुको सट्टा "सङ्घीय निजामती सेवा, सङ्घीय संसद सचिवालय सम्बन्धी प्रचलित कानून बमोजिमको सेवा वा नेपाल स्वास्थ्य सेवा सम्बन्धी प्रचलित कानून बमोजिमको सेवाको" भन्ने शब्दहरु राख्ने।

(५) उपदफा (९) को सट्टा देहायको उपदफा (९) राख्ने।

"(९) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (घ) बमोजिम अन्तरतह प्रतियोगिताको लागि छुट्याइएको पदमा सहायक चौथो तहको पदका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र बढुवाको लागि आवश्यक पर्ने न्यूनतम सेवा अवधि पूरा गरेका सहायक पहिलो तहका निजामती कर्मचारी वा निजामती सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका त्यस्तो योग्यता र सेवा अवधि पूरा गरेका सहायक पहिलो तहका कर्मचारी उम्मेदवार हुनेछन्।"

(६) उपदफा (९) पछि देहायको उपदफा (१०) थपी त्यस पछिको उपदफाक्रम मिलाउने:-

"(१०) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (घ) बमोजिम बढुवाको लागि छुट्याइएको पदमा सहायक चौथो तहको पदका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र कम्तीमा बीस वर्ष सेवा अवधि पूरा गरेका सहायक पहिलो तहका निजामती कर्मचारी वा निजामती सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका त्यस्तो योग्यता र सेवा अवधि पूरा गरेका सहायक पहिलो तहका कर्मचारी उम्मेदवार हुनेछन्।"

(७) उपदफा (१०) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (११) मा रहेका "उपदफा (५), (८) वा (९)" भन्ने शब्दहरुको सट्टा "उपदफा (५), (८), (९) वा (१०)" भन्ने शब्दहरु राख्ने ।

(८) उपदफा (१५) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (१६) मा रहेका "उपदफा (१४)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१५)" भन्ने शब्दहरु राख्ने ।

१०. विधेयकको दफा ११ को,-

(१) उपदफा (२) को स्पष्टीकरण खण्डमा रहेका "जिल्ला तथा" भन्ने शब्दहरु झिक्ने।

(२) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राख्ने:-

"(७) उपदफा (२) वा (३) बमोजिम छुट्याइएको पदमा उपदफा (४) वा (५) बमोजिमसमेत पूर्ति हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने सोही समूहको विज्ञापनमा समावेश गरिनेछ। त्यसरी गरिएको विज्ञापनमा समेत सम्बन्धित समूहबाट पदपूर्ति हुन नसकेमा त्यस्तो पद उपदफा (४) वा (५) बमोजिम पूर्ति गरिनेछ र त्यसरी समेत पूर्ति हुन नसकेमा त्यस्तो पद सोही वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गरिनेछ।

प्रतिनिधि सभा
राज्य व्यवस्था तथा
सुशासन समिति
२०७५

तर सो वर्ष खुला प्रतियोगिताद्वारा पूर्ति हुने गरी विज्ञापन नभएकोमा त्यस्तो पद अर्को वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति गर्ने पदमा समावेश गरी पदपूर्ति गर्नु पर्नेछ।"

(३) उपदफा (१३) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "सम्भव भएसम्म" भन्ने शब्दहरु झिक्ने।

११. विधेयकको दफा १५ को उपदफा (४) मा रहेका "हाजिर भएको मितिबाट" भन्ने शब्दहरुको सट्टा "लोक सेवा आयोगबाट सिफारिस भएको भोलिपल्टको मितिबाट" भन्ने शब्दहरु राखी सोही उपदफामा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्ने:-

"तर त्यसरी सिफारिस भएको व्यक्तिले बाटाको म्याद बाहेक सात दिनभित्र नियुक्ति नलिएमा वा सम्बन्धित कार्यालयमा हाजिर नभएमा निजको हकमा हाजिर भएको मितिबाट ज्येष्ठता लागू हुनेछ।"

१२. विधेयकको दफा १६ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको ठाउँ ठाउँमा रहेका "सामान्य प्रशासन" भन्ने शब्दहरु झिक्ने।

१३. विधेयकको दफा १८ को उपदफा (१) को,-

(१) खण्ड (ग) मा रहेका "बत्तीस वर्ष" भन्ने शब्दहरुको सट्टा "पैंतिस वर्ष" र "सैंतिस वर्ष" भन्ने शब्दहरुको सट्टा "उनन्चालिस वर्ष" भन्ने शब्दहरु राख्ने ।

(२) खण्ड (ग) को प्रतिबन्धात्मक वाक्यांशको,-

(क) देहाय (२) मा रहेका "चालिस बर्ष" भन्ने शब्दहरुको सट्टा "उनन्चालिस वर्ष" भन्ने शब्दहरु राख्ने।

(ख) देहाय (३) मा रहेका "सैंतिस वर्षसम्म" भन्ने शब्दहरुको सट्टा "उनन्चालिस वर्षसम्म" भन्ने शब्दहरु राख्ने।

(ग) देहाय (४) मा रहेका "सङ्घीय निजामती सेवाका" भन्ने शब्दहरुको सट्टा "सङ्घीय निजामती सेवा, सङ्घीय संसद सचिवालय सम्बन्धी प्रचलित कानून बमोजिमको सेवा वा नेपाल स्वास्थ्य सेवा सम्बन्धी प्रचलित कानून बमोजिमको सेवाका" भन्ने शब्दहरु राख्ने।

१४. विधेयकको दफा १९ को उपदफा (६) मा रहेका "त्यस्तो नियुक्ति भएको निजामती कर्मचारीले" भन्ने शब्दहरुको सट्टा "त्यसरी नियुक्ति भएको व्यक्तिले" भन्ने शब्दहरु राख्ने ।

१५. विधेयकको दफा २० मा रहेका "उपदफा (१४)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१५)" भन्ने शब्दहरु राख्ने ।

१६. विधेयकको दफा २१ को उपदफा (२) मा रहेका "पन्ध्र दिनभन्दा" भन्ने शब्दहरुको सट्टा "तिस दिनभन्दा" भन्ने शब्दहरु राख्ने।

१७. विधेयकको दफा २३ को उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "सङ्घीय निजामती सेवा," भन्ने शब्दहरु पछि "सङ्घीय संसद सचिवालय सम्बन्धी प्रचलित कानून बमोजिमको सेवा, नेपाल स्वास्थ्य सेवा सम्बन्धी प्रचलित कानून बमोजिमको सेवा," भन्ने शब्दहरु थप्ने।

१८. विधेयकको दफा २४ को सट्टा देहायको दफा २४ राख्ने:-

प्रतिनिधि सभा राज्य व्यवस्था तथा सुशासन समिति २०७५

"२४. <u>राजपत्राङ्कित विशिष्ट श्रेणीका कर्मचारीको पदावधि:</u> (१) राजपत्राङ्कित विशिष्ट श्रेणी अन्तर्गत देहायको तहका निजामती कर्मचारीको पदावधि देहाय बमोजिम हुनेछ:-

(क) अधिकृत पन्ध्रौं तहका निजामती कर्मचारीको दुई वर्ष, र

(ख) अधिकृत चौधौं तहका निजामती कर्मचारीको चार वर्ष।"

(२) उपदफा (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बहाल रहेका निजामती कर्मचारीको हकमा निजहरु सो पदमा नियुक्त हुँदाका बखत कायम रहेको पदावधि नै कायम रहनेछ।"

१९. विधेयकको दफा २६ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (क) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, मन्त्रिपरिषद्ले" भन्ने शब्दहरु राखे।

(ख) खण्ड (ख) मा रहेका "नेपाल सरकारको मुख्य सचिवले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, मन्त्रिपरिषद्ले" भन्ने शब्दहरु राखे।

(२) उपदफा (३) को सट्टा देहायका उपदफा (३) राखे:-

"(३) सबै भौगोलिक क्षेत्रमा सेवा, समूह वा उपसमूह सम्बन्धी पद नभएको निजामती कर्मचारी र राजपत्राङ्कित विशिष्ट श्रेणी तथा राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी बाहेक अन्य निजामती कर्मचारीको सरुवा गर्दा सम्बन्धित अख्तियारवालाले वर्षमा एकपटक तोकिए बमोजिमको समयतालिका अनुसार उपदफा (६) बमोजिम अवधि तोकी देहायबमोजिम सरुवा गर्नु पर्नेछ:-

(क) "क" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कार्यरत कर्मचारीलाई "घ" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा,

(ख) "घ" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कार्यरत कर्मचारीलाई "ग" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा,

(ग) "ग" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कार्यरत कर्मचारीलाई "ख" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा,

(घ) "ख" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कार्यरत कर्मचारीलाई "क" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा।"

(३) उपदफा (४) पछि देहायको उपदफा (५) थपी त्यसपछिको उपदफाक्रम मिलाउने:-

"(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्थानमा कार्यरत निजामती कर्मचारी अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने देखिएको कुरा नेपाल

सरकारद्वारा तोकिएको मेडिकल बोर्डले सिफारिस गरेमा त्यस्तो निजामती कर्मचारीलाई मन्त्रालयको सहमति लिई उपचार गराउन सहज हुने स्थानको कार्यालयमा सरुवा गर्न सकिनेछ।"

(४) उपदफा (६) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (७) मा रहेका "उपदफा (५)" भन्ने शब्दहरुको सट्टा "उपदफा (६)" भन्ने शब्दहरु राखी सोही उपदफाको:-

(क) खण्ड (ख) मा रहेको "वा" भन्ने शब्द झिक्ने।

(ख) खण्ड (ग) मा रहेका "परेमा।" भन्ने शब्दको सट्टा "परेमा, वा" भन्ने शब्दहरु राख्ने।

(ग) खण्ड (ग) पछि देहायको खण्ड (घ) थप्ने:-

"(घ) कुनै निजामती कर्मचारीलाई विशेष जिम्मेबारी दिनु पर्ने औचित्य र कारण भएमा।"

(५) उपदफा (८) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (९) मा रहेका "उपदफा (६) वा (७)" भन्ने शब्दहरुको सट्टा "उपदफा (७) वा (८)" भन्ने शब्दहरु राख्ने ।

(६) उपदफा (९) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (१०) मा रहेका "उपदफा (५)" भन्ने शब्दहरुको सट्टा "उपदफा (६)" भन्ने शब्दहरु राख्ने ।

(७) उपदफा (१२) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (१३) मा रहेका "उपदफा (११)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१२)" भन्ने शब्दहरु राख्ने ।

(८) उपदफा (१६) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (१७) मा रहेका "उपदफा (१५)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१६)" भन्ने शब्दहरु राख्ने ।

(९) उपदफा (१७) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (१८) मा रहेका "उपदफा (१५) वा (१६)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१६) वा (१७)" भन्ने शब्दहरु राख्ने ।

(१०) उपदफा (१८) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (१९) मा रहेका "उपदफा (१५)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१६)" भन्ने शब्दहरु राख्ने ।

२०. विधेयकको दफा २७ को उपदफा (८) मा रहेका "बदर गर्न सक्नेछ" भन्ने शब्दहरुको सट्टा "बदर गर्नेछ" भन्ने शब्दहरु राख्ने।

२१. विधेयकको दफा २९ को,-

(१) उपदफा (१) मा रहेका "अधिकृत तेह्रौं तहका" भन्ने शब्दहरुको सट्टा "अधिकृत चौधौं तहका" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (१) पछि देहायको उपदफा (२) थपी त्यसपछिको उपदफाक्रम मिलाउने:-

"(२) अधिकृत चौधौं तहको पदमा बढुवा गर्दा पछिल्लो सात वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसतमा पन्चानब्बे प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेका, दफा ११३ बमोजिमको नकारात्मक सूचीमा नपरेका र सम्बन्धित सेवाको अधिकृत तेह्रौं तहको पदमा सबैभन्दा बढी सेवा अवधि भएका सम्बन्धित समूहिकरण (क्लष्टर) का सम्भाव्य उम्मेदवारलाई बढुवा समितिको सिफारिसमा नेपाल सरकारले बढुवा गर्नेछ।

तर सम्बन्धित समूहिकरण (क्लष्टर) को अधिकृत तेह्रौं तहको कर्मचारी नभएमा उपदफा (७) बमोजिमको सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको पदमा कम्तीमा सात वर्ष बहाल रहेका निजामती कर्मचारी मध्येबाट यस उपदफा बमोजिम बढुवा गरिनेछ।"

(३) उपदफा (२) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (३) मा रहेका "बीस प्रतिशत" भन्ने शब्दहरुको सट्टा "चालिस प्रतिशत" भन्ने शब्दहरु राखे।

(४) उपदफा (३) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (४) मा रहेका "असी प्रतिशत" भन्ने शब्दहरुको सट्टा "साठी प्रतिशत" भन्ने शब्दहरु राखे।

(५) उपदफा (४) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (५) मा रहेका "उपदफा (२)" भन्ने शब्दहरुको सट्टा "उपदफा (३)" भन्ने शब्दहरु राखे ।

(६) उपदफा (५) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (६) मा रहेका "उपदफा (२) वा (३)" भन्ने शब्दहरुको सट्टा "उपदफा (३) वा (४)" भन्ने शब्दहरु राखे ।

(७) उपदफा (६) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (७) मा रहेका "उपदफा (२) वा (३) बमोजिम बढुवा गर्दा देहायको सेवाका अधिकृत तेहौं तहको पदमा" भन्ने शब्दहरुको सट्टा "उपदफा (३) वा (४) बमोजिम अधिकृत तेहौं तहको पदमा बढुवा गर्दा" भन्ने शब्दहरु राखे ।

(८) उपदफा (७) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (८) मा रहेका "उपदफा (२) र (३)" भन्ने शब्दहरुको सट्टा "उपदफा (३), (४) र (७)" भन्ने शब्दहरु र "कर्मचारीहरुमध्येबाट" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित सेवाका निजामती कर्मचारीहरु मध्येबाट" भन्ने शब्दहरु राखे ।

(९) उपदफा (७) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (८) पछि देहायको उपदफा (९) थपी त्यसपछिको उपदफाक्रम मिलाउने:-

"(९) उपदफा (२) को प्रयोजनको लागि सम्बन्धित निजामती कर्मचारीको अधिकृत तेहौं, अधिकृत बाह्रौ र अधिकृत एघारौं तहको गरी पछिल्लो सात वर्षको कार्यसम्पादन मूल्याङ्कनलाई आधार लिनु पर्नेछ।"

(१०) उपदफा (८) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (१०) मा रहेका "उपदफा (२),(३) र (७)" भन्ने शब्दहरुको सट्टा "उपदफा (३),(४) र (८)" भन्ने शब्दहरु राखे ।

(११) उपदफा (१२) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (१४) मा रहेका "उपदफा(११)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१३)" भन्ने शब्दहरु राखे ।

२२. विधेयकको दफा ३३ को,-

(१) उपदफा १ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखे:-

"(ग) दफा ३६ को उपदफा (३) बमोजिमको सेवाकालीन तालिम लिएको,"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखे:-

"(२) उपदफा (१) को प्रयोजनका लागि ज्येष्ठता निर्धारण गर्दा देहायको आधारमा निर्धारण गरिनेछ:-

(क) हाल बहाल रहेको पदमा ज्येष्ठता लागु भएको मितिको आधारमा,

(ख) खण्ड (क) बमोजिमसमेत ज्येष्ठता निर्धारण हुन नसकेमा भौगोलिक क्षेत्रबापत बढी अङ्क प्राप्त गरेको आधारमा,

(ग) खण्ड (ख) बमोजिमसमेत ज्येष्ठता निर्धारण हुन नसकेमा हाल बहाल रहेको पदभन्दा एक श्रेणी मुनिको पदमा ज्येष्ठता लागु भएको मितिको आधारमा,



प्रतिनिधि सभा
राज्य व्यवस्था
प्रशासन स
२०७४

(घ) खण्ड (ग) बमोजिमसमेत ज्येष्ठता निर्धारण हुन नसकेमा हाल बहाल रहेको पदमा लोक सेवा आयोग वा बढुवा समितिको सिफारिसको योग्यताक्रमको आधारमा,

(ङ) खण्ड (घ) बमोजिमसमेत ज्येष्ठता निर्धारण हुन नसकेमा न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो शैक्षिक योग्यता हासिल गरेको आधारमा,

(च) खण्ड (ङ) बमोजिमसमेत ज्येष्ठता निर्धारण हुन नसकेमा उमेरको ज्येष्ठताको आधारमा।"

२३. विधेयकको दफा ३५ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने:-

"(१) यस ऐनको प्रयोजनको लागि भौगोलिक स्थिति, यातायातको पहुँच तथा अन्य सेवा सुविधाको उपलब्धता समेतलाई आधार मानी भौगोलिक क्षेत्रलाई तोकिए बमोजिम "क", "ख", "ग" र "घ" गरी चार वर्गमा र उपदफा (४) बमोजिम अध्ययन विदा वा तीन महिनाभन्दा बढी अवधिको तालिममा जाने निजामती कर्मचारीलाई अङ्क दिने प्रयोजनको लागि "ङ" वर्ग गरी पाँच वर्गमा वर्गीकरण गरिनेछ।"

(२) उपदफा (३) मा रहेका ""ङ" वर्ग" भन्ने शब्दहरुको सट्टा ""घ" वर्ग" भन्ने शब्दहरु राख्ने।

(३) उपदफा (४) मा रहेका "नेपाल सरकारले खटाएको निजामती कर्मचारी वा" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारले खटाएको निजामती कर्मचारीलाई "घ" वर्ग सरहको अङ्क र" भन्ने शब्दहरु राख्ने ।

(४) उपदफा (५) मा रहेका "ङ" वर्गको" भन्ने शब्दहरुको सट्टा "घ" वर्गको" भन्ने शब्दहरु राख्ने।

२४. विधेयकको दफा ३६ को,-

(१) उपदफा (१) मा रहेका "खुला प्रतियोगिताको लागि" भन्ने शब्दहरु पछि "सेवा प्रवेश गर्दाको बखत" भन्ने शब्दहरु थप्ने।

(२) उपदफा (३) को शुरुमा "दफा ३३ को उपदफा (१) को खण्ड (ग) को प्रयोजनको लागि" भन्ने शब्दहरु थप्ने।

२५. विधेयकको दफा ३९ को उपदफा (१) मा रहेका "श्रेणी वा" भन्ने शब्दहरु झिक्ने।

२६. विधेयकको दफा ४० को,-

(१) उपदफा (१) मा रहेका "राजपत्राङ्कित प्रथम श्रेणी" भन्ने शब्दहरुको सट्टा "अधिकृत बाह्रौं तह" भन्ने शब्दहरु राखी सो उपदफामा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्ने:-

"तर सहायक पहिलो तहमा कम्तीमा बीस वर्ष बहाल रहिरहेका निजामती कर्मचारी अवकाश हुने भएमा सहायक चौथो तहको पदमा बढुवा गरी अवकाश दिइनेछ।"

(२) उपदफा (४) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्ने:-

"तर उपदफा (१) बमोजिमको अवधि पूरा गरेको सहायक पहिलो तहको निजामती कर्मचारीको मृत्यु भएमा निजको परिवारलाई सहायक चौथो तहको पदको निवृत्तिभरण लगायतको सुविधा प्रदान गरिनेछ।"

२७. विधेयकको दफा ४२ को उपदफा (४) पछि देहायको उपदफा (५) थपी त्यसपछिको उपदफाक्रम मिलाउने:-

"(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि साउन १ गते वा सो भन्दा पछि उपदफा (१) बमोजिमको अवधि पूरा भई माघ १ गतेभित्रमा अनिवार्य अवकाश हुने वा माघ १ गते वा सो भन्दा पछि त्यस्तो अवधि पूरा भई साउन १ गतेभित्रमा अनिवार्य अवकाश हुने निजामती कर्मचारीलाई सात वर्ष अवधि पूरा भएको भोलिपल्टको मितिबाट लागू हुने गरी तह वृद्धि गरिनेछ।"

२८. विधेयकको दफा ४३ को,-

(१) दफा शीर्षकमा रहेका "राजपत्र अनङ्कित पाँचौं श्रेणीका" भन्ने शब्दहरुको सट्टा "सहायक पहिलो तहका" भन्ने शब्दहरु राखे।

(२) ठाउँ ठाउँमा रहेका "राजपत्र अनङ्कित पाँचौं श्रेणीको" भन्ने शब्दहरुको सट्टा "सहायक पहिलो तहको" भन्ने शब्दहरु राखे।

(३) ठाउँ ठाउँमा रहेका "प्रथमस्तर" भन्ने शब्दहरुको सट्टा "पहिलोस्तर" भन्ने शब्दहरु, "द्वितीयस्तर" भन्ने शब्दहरुको सट्टा "दोस्रो स्तर" भन्ने शब्दहरु, "तृतीयस्तर" भन्ने शब्दहरुको सट्टा "तेस्रो स्तर" भन्ने शब्दहरु र "चतुर्थस्तर" भन्ने शब्दहरुको सट्टा "चौथो स्तर" भन्ने शब्दहरु राखे।

२९. विधेयकको दफा ४६ को उपदफा (२) मा रहेका "निजले पाउने" भन्ने शब्दहरुको सट्टा "निजको पाकेको" भन्ने शब्दहरु राखे।

३०. विधेयकको दफा ५१ को:-

(१) उपदफा (४) मा रहेका "यस दफामा" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) मा" भन्ने शब्दहरु राखे ।

(२) उपदफा (६) मा रहेका " उपदफा (१),(२) र (३)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१), (२), (३) र (४)" भन्ने शब्दहरु राखे ।

३१. विधेयकको दफा ५३ को उपदफा (२) मा रहेका "सामाजिक सुरक्षा कोष" भन्ने शब्दहरु पछि "वा नागरिक लगानी कोष" भन्ने शब्दहरु थप्ने ।

३२. विधेयकको दफा ५४ को,-

(१) उपदफा (१) मा रहेका "राजपत्राङ्कित प्रथम श्रेणी" भन्ने शब्दहरुको सट्टा "अधिकृत एघारौं तह" भन्ने शब्दहरु राखे।

(२) उपदफा (२) मा रहेका "सामाजिक सुरक्षा कोष" भन्ने शब्दहरु पछि "वा नागरिक लगानी कोष" भन्ने शब्दहरु थप्ने।

३३. विधेयकको दफा ५७ को,-

(१) उपदफा (१) मा रहेका "पाँच वर्षमा" भन्ने शब्दहरुको सट्टा "दश वर्षमा" भन्ने शब्दहरु राखे।

(२) उपदफा (७) मा रहेका "पुनरावलोकन गर्नेछ" भन्ने शब्दहरुको सट्टा "पुनरावलोकन गर्न सक्नेछ" भन्ने शब्दहरु राखे।

३४. विधेयकको दफा ५८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखे:-

"तर देहायका निजामती कर्मचारीले देहाय बमोजिम अनिवार्य अवकाश पाउनेछन्:-

(क) यो ऐन प्रारम्भ भएको आर्थिक वर्षमा अन्ठाउन्न वर्ष उमेर पूरा हुने निजामती कर्मचारीले अन्ठाउन्न वर्ष उमेर पूरा भएपछि,

(ख) यो ऐन प्रारम्भ भएको दोस्रो आर्थिक वर्षमा अन्ठाउन्न वर्ष उमेर पूरा हुने निजामती कर्मचारीले उनान्साठी वर्ष उमेर पूरा भएपछि ।"

३५. विधेयकको दफा ६३ को:-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्ने:-

"(३) संवत् २०४९ साल कार्तिक २१ गते भन्दा अघिदेखि निजामती सेवामा बहाल भै दफा ५८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम साठी वर्ष नपुगी अनिवार्य अवकाश हुने निजामती कर्मचारीको उमेर साठी वर्ष पूरा हुन जति अवधि बाँकी छ सो अवधि थप गरी निजको जम्मा सेवा अवधि कायम गरिनेछ ।"

(२) उपदफा (६) मा रहेका "यो ऐन प्रारम्भ भएको आर्थिक वर्षभित्र उमेरको कारणले" भन्ने शब्दहरुको सट्टा "दफा ५८ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम साठी वर्ष उमेर पूरा नहुँदै" भन्ने शब्दहरु र "बढीमा दुई वर्षसम्म" भन्ने शब्दहरुको सट्टा "साठी वर्ष उमेर ननाघ्ने गरी बढीमा दुई वर्षसम्म" भन्ने शब्दहरु राख्ने।

३६. विधेयकको दफा ६७ मा रहेका "नेपाल सरकारले खटाएको कार्यसम्पादन गर्ने सिलसिलामा द्वन्द्वका कारण वा दुर्घटनामा परी" भन्ने शब्दहरुको सट्टा "पदीय दायित्व निर्वाह गर्ने क्रममा वा सरकारी काममा खटिएका बखत द्वन्द्वका कारण वा दुर्घटनामा परी " भन्ने शब्दहरु राख्ने।

३७. विधेयकको दफा ६८ को:-

(१) विधेयकको दफा ६८ को दफा शिर्षकमा रहेका "निवृत्तिभरण नपाउने" भन्ने शब्दहरुको सट्टा "निवृत्तिभरण तथा दोहोरो सुविधा नपाउने" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थप गर्ने:,

"(४) उपदफा (३) बमोजिम कुनै लाभको पदमा नियुक्त भई मासिक तलब सुविधा लिएको व्यक्तिले त्यस्तो पदबाट सेवा निवृत भएको मिति पछिबाट लागू हुने गरी पहिले खाइपाइ आएको निवृत्तिभरण निरन्तर पाउनेछ।"

३८. विधेयकको दफा ६९ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्ने:-

"(५) दफा ६७ को उपदफा (१) बमोजिम पदीय दायित्व निर्वाह गर्ने क्रममा वा सरकारी काममा खटिएका बखत द्वन्द्वका कारण वा दुर्घटनामा परी मृत्यु भएको उपदफा (१) बमोजिमको निजामती कर्मचारीको परिवारलाई एकमुष्ट देहाय बमोजिमको रकम थप आर्थिक सहायता उपलब्ध गराइनेछः

(क) अधिकृत सातौं तह वा सोभन्दा माथिको पदको कर्मचारी भए शुरु तलबस्केलको बाह्र महिना बराबरको रकम,

(ख) अधिकृत छैटौं र सहायक पाँचौं तहको कर्मचारी वा सोसरह वा सोभन्दा बढी तलब सुविधा पाउने सहायक पहिलो तहको कर्मचारी भए शुरु तलबस्केलको अठार महिना बराबरको रकम,

(ग) खण्ड (क) र (ख) बमोजिमका बाहेक अन्य कर्मचारी भए शुरु तलबस्केलको एक्काइस महिना बराबरको रकम।"

३९. विधेयकको दफा ७१ को,-

(१) उपदफा (१) को स्पष्टीकरणको खण्ड (क) मा रहेका "सिप" भन्ने शब्दको सट्टा "ज्ञान र सिप" भन्ने शब्दहरु राखे।

(२) उपदफा (१) को स्पष्टीकरणको खण्ड (ग) मा रहेका "बढीमा छ हप्ताको" भन्ने शब्दहरु झिक्ने।

(३) उपदफा (७) पछि देहायको उपदफा (८) थप्नेः-

"(८) यस दफा बमोजिम वैदेशिक तालिम, अध्ययन वा अध्ययन भ्रमणमा गएको निजामती कर्मचारीले त्यस्तो वैदेशिक तालिम, अध्ययन वा अध्ययन भ्रमणबाट फर्किएको पन्ध्र दिनभित्र आफुले देखेका र सिकेका विषय तथा सोको आधारमा गर्न सकिने सुधारका विषय समावेश गरी आफु कार्यरत निकायमा प्रतिवेदन तथा प्रस्तुतीकरण दिनु पर्नेछ।"

४०. विधेयकको दफा ७३ को,-

(१) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखेः-

"(५) यस ऐन बमोजिम अध्ययनमा जाने निजामती कर्मचारीले प्रत्येक वर्ष वा सेमेष्टरको नतिजा प्रकाशन भएको तिस दिनभित्र त्यस्तो नतिजाको विवरण पदाधिकार रहेको निकाय, राष्ट्रिय किताबखाना र मन्त्रालयमा पठाउनु पर्नेछ।"

(२) उपदफा (९) मा रहेका "सात दिनभित्र" भन्ने शब्दहरुको सट्टा "पन्ध्र दिनभित्र" भन्ने शब्दहरु राखे।

४१. विधेयकको दफा ७४ मा रहेको "सकेसम्म" भन्ने शब्द झिकी सो दफामा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्नेः-

"तर कुनै कारणले पहिले विदाको स्वीकृति नलिई अनुपस्थित हुनु पर्ने भएमा अनुपस्थित हुनुको कारण सहितको जानकारी यथाशीघ्र विदा स्वीकृत गर्ने अधिकारीलाई दिनु पर्नेछ।"

४२. विधेयकको दफा ७५ को खण्ड (ङ) मा रहेको "वा" भन्ने शब्द झिक्ने।

४३. विधेयकको दफा ८२ को,-

(१) उपदफा (३) पछि देहायको उपदफा (४) थपी त्यसपछिको उपदफाक्रम मिलाउनेः-

"(४) निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन।

(२) उपदफा (४) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (५) मा रहेका "नेपाल सरकारको पूर्वस्वीकृति नलिई" भन्ने शब्दहरु झिक्ने ।

(३) उपदफा (५) उपदफाक्रम मिलाउदा कायम हुन आउने उपदफा (६) मा रहेका "उपदफा (४) विपरीत" भन्ने शब्दहरुको सट्टा "उपदफा (५) विपरीत" भन्ने शब्दहरु राखे ।

४४. विधेयकको दफा ९३ को उपदफा (३) मा रहेको "बनाइनेछ" भन्ने शब्दको सट्टा "बनाउनु पर्नेछ" भन्ने शब्दहरु राख्ने।

४५. विधेयकको दफा ९६ को उपदफा (३) मा रहेका "कम अवधिमा" भन्ने शब्दहरु पछि "सम्बन्धित प्रदेश वा स्थानीय तहबाट" भन्ने शब्दहरु थप्ने।

४६. विधेयकको दफा ९९ को उपदफा (२) मा रहेका "खण्ड (ङ)" भन्ने शब्दहरुको सट्टा "खण्ड (ढ)" भन्ने शब्दहरु राख्ने।

४७. विधेयकको दफा १०० को उपदफा (१) को खण्ड (ग) मा रहेका "सात दिनभित्र" भन्ने शब्दहरुको सट्टा "पन्ध्र दिनभित्र" भन्ने शब्दहरु राख्ने।

४८. विधेयकको दफा १०२ को उपदफा (१) को,-

(१) खण्ड (क) मा रहेका "राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पद" भन्ने शब्दहरुको सट्टा "अधिकृत एघारौं तह" भन्ने शब्दहरु र "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, मन्त्रिपरिषद्" भन्ने शब्दहरु राख्ने।

(२) खण्ड (ख) मा रहेका "राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणी वा सो सरहको पदमा" भन्ने शब्दहरुको सट्टा "अधिकृत सातौं देखि अधिकृत दशौं तहसम्मको पदमा" भन्ने शब्दहरु राख्ने।

(३) खण्ड (ग) मा रहेका "राजपत्र अनङ्कित वा सो सरहको पदमा भन्ने शब्दहरुको सट्टा "अधिकृत छैठौं तह र सो भन्दा मुनीको पदमा" भन्ने शब्दहरु र "राजपत्राङ्कित वा सो सरहको" भन्ने शब्दहरुको सट्टा "कम्तीमा अधिकृत सातौं तहको" भन्ने शब्दहरु राख्ने।

४९. विधेयकको दफा १०३ को:-

(१) उपदफा (२) मा रहेका "को प्रतिबन्धात्मक वाक्यांश" भन्ने शब्दहरु झिक्ने ।

(२) उपदफा (४) मा रहेका "निजामती कर्मचारी" भन्ने शब्दहरुपछि "उपर" भन्ने शब्द थप्ने।

(३) उपदफा (४) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्ने:-

"तर प्रचलित कानून बमोजिम मुद्दा दायर भएपछि स्वतः निलम्बन हुने कसूर बाहेक अन्य कसूर सम्बन्धी अभियोगमा मुद्दा दायर भएकोमा सम्बन्धित अदालतबाट त्यस्तो निजामती कर्मचारी धरौटी, जमानत वा साधारण तारिखमा छुटेमा निज निलम्बनमा रहने छैन।"

५०. विधेयकको दफा १०५ को,-

(१) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, मन्त्रिपरिषद्ले" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (३) मा रहेका "गम्भीरतापूर्वक लिनु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "गम्भीरतापूर्वक अध्ययन तथा विश्लेषण गर्नु पर्नेछ" भन्ने शब्दहरु राख्ने।

५१. विधेयकको दफा १०९ को उपदफा (६) मा रहेको "देखिएमा" भन्ने शब्द पछि "विभागीय" भन्ने शब्द थप्ने ।

५२. विधेयकको दफा १११ को सट्टा देहायको दफा १११ राख्ने:-

प्रतिनिधि सभा राज्य व्यवस्था तथा सुशासन समिति

"१११. निर्णयमा असर नपर्ने: कुनै निजामती कर्मचारीलाई यस परिच्छेद बमोजिम विभागीय सजाय गर्ने क्रममा विभागीय सजाय दिने अधिकारीले गरेको काम कारबाहीमा तात्विक असर नपर्ने सानोतिनो त्रुटिबाट निर्णयमा असर पर्ने छैन।"

५३. विधेयकको दफा ११२ को उपदफा (२) मा रहेका "सेवा सञ्चालन गर्ने सेवा, समूह, उपसमूहका" भन्ने शब्दहरुको सट्टा "सञ्चालन गर्ने सेवा, समूह वा उपसमूहका" भन्ने शब्दहरु राखे।

५४. विधेयकको दफा ११५ को उपदफा (२) मा रहेका "तेह्रौं तहका" भन्ने शब्दहरुको सट्टा "चौधौं तहका" भन्ने शब्दहरु राखे।

५५. विधेयकको दफा ११६ को,-

(१) उपदफा (५) मा रहेका "सरुवा गर्न सक्नेछ" भन्ने शब्दहरुको सट्टा "सरुवा गर्नेछ" भन्ने शब्दहरु राखे।

(२) उपदफा (५) पछि देहायको उपदफा (६) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउने:-

"(६) उपदफा (५) बमोजिम पदस्थापन वा सरुवा भएको कर्मचारीलाई सम्बन्धित मन्त्रालयले हाजिर गराई कामकाज गराउनु पर्नेछ।"

(३) उपदफा (९) र उपदफा (१०) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (१०) र उपदफा (११) मा रहेका "उपदफा (८)" भन्ने शब्दहरुको सट्टा "उपदफा (९)" भन्ने शब्दहरु राखे।

५६. विधेयकको दफा ११८ को,-

(१) उपदफा (४) पछि देहायको उपदफा (५) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउने:-

"(५) उपदफा (४) बमोजिम खटाइएका सम्बन्धित तहका कर्मचारीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले दरबन्दी बमोजिमको तह मिल्ने गरी स्थानीय तहमा खटाउनेछ।

(२) उपदफा (५) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (६) पछि देहायको उपदफा (७) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउने:-

"(७) उपदफा (५) वा (६) बमोजिम खटाइएको कर्मचारीलाई सम्बन्धित स्थानीय तहले हाजिर गराई कामकाज गराउनु पर्नेछ।"

(३) उपदफा (६) उपदफाक्रम मिलाउँदा कायग हुने उपदफा (८) मा रहेका "उपदफा (३) वा (५)" भन्ने शब्दहरुको सट्टा "उपदफा (५) वा (६)" भन्ने शब्दहरु राखे।

(४) उपदफा (८) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (१०) मा रहेका "उपदफा (७)" भन्ने शब्दहरुको सट्टा "उपदफा (९)" भन्ने शब्दहरु राखे।

(५) उपदफा (९) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (११) मा रहेका "उपदफा (८)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१०)" भन्ने शब्दहरु राखे।

(६) उपदफा (१०) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (१२) मा रहेका "उपदफा (७)" भन्ने शब्दहरुको सट्टा "उपदफा (९)" भन्ने शब्दहरु राखे।

(७) उपदफा (८) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (१०) मा रहेका "उपदफा (७)" भन्ने शब्दहरुको सट्टा "उपदफा (९)" भन्ने शब्दहरु राखे।

(८) उपदफा (११) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (१३) मा रहेका "उपदफा (३) वा (५)" भन्ने शब्दहरुको सट्टा "उपदफा (३), (५) वा (६)" भन्ने शब्दहरु राखे ।

५७. विधेयकको दफा ११९ को,-

(१) उपदफा (११) मा रहेका "पैंसट्ठी प्रतिशत" भन्ने शब्दहरुको सट्टा "साठी प्रतिशत" भन्ने शब्दहरु राखे।

(२) उपदफा (१२) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, मन्त्रिपरिषदले" भन्ने शब्दहरु राखे।

५८. विधेयकको दफा १२० को:-

(१) उपदफा (३) पछि देहायको उपदफा (४), (५) र (६) थपी त्यसपछिको उपदफाक्रम मिलाउने:-

"(४) प्रदेश निजामती सेवा वा स्थानीय सेवा सम्बन्धी कानून निर्माण गर्दा प्रदेश निजामती सेवा वा स्थानीय सेवाका कर्मचारीलाई सम्बन्धित प्रदेश सरकारहरुको आपसी सहमतिमा मिल्दो पद तथा दरबन्दीमा अन्तरप्रदेश सरुवा गर्न सक्ने व्यवस्था गर्न सकिनेछ ।

(५) उपदफा (४) बमोजिमको व्यवस्था गर्दा त्यसरी सरुवा भएको कर्मचारी कम्तीमा एक वर्ष बढुवाको सम्भाव्य उम्मेदवार नहुने व्यवस्था गर्नु पर्नेछ।

(६) संवत् २०७६ सालमा लोक सेवा आयोगबाट स्थानीय तहका लागि सिफारिस भई दोहोरो सहमतिका आधारमा यो ऐन प्रारम्भ हुनु अघि मन्त्रालयबाट कामकाज गर्न अन्तर प्रदेश एवम् अन्तर स्थानीय तहमा खटाइएका कर्मचारीलाई हाल कार्यरत रहेको स्थानीय तहमा पदस्थापन गर्न यो ऐनको व्यवस्थाले बाधा पारेको मानिने छैन।"

(२) उपदफा (६) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (९) मा रहेका "छ महिनाभित्र" भन्ने शब्दहरुको सट्टा "एक वर्षभित्र" भन्ने शब्दहरु राखे।

५९. विधेयकको दफा १२१ को उपदफा (३) पछि देहायको उपदफा (४) र (५) थपी त्यसपछिको उपदफाक्रम मिलाउने:-

"(४) कर्मचारी समायोजनसम्बन्धी सङ्घीय कानून बमोजिम प्रदेशमा समायोजन भएका कर्मचारीलाई सम्बन्धित कर्मचारीहरुको माग र सो प्रदेश तथा सरुवा हुने प्रदेशको प्रदेश सरकारको दोहोरो सहमतिमा अर्को प्रदेशको प्रदेश निजामती सेवाको मिल्दो पद तथा दरबन्दीमा मन्त्रालयले पारस्परिक सरुवा गर्न सक्नेछ।

(५) कर्मचारी समायोजनसम्बन्धी सङ्घीय कानून बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीलाई सम्बन्धित कर्मचारीहरुको माग र निज समायोजन भएको प्रदेश तथा सरुवा हुने प्रदेशको प्रदेश सरकारको दोहोरो सहमतिमा अर्को प्रदेशको स्थानीय सेवाको मिल्दो पद तथा दरबन्दीमा मन्त्रालयले पारस्परिक सरुवा गर्न सक्नेछ।"

६०. विधेयकको दफा १२२ को,-

प्रतिनिधि सभा
राज्य व्यवस्था तथा सुशासन समिति

(१) उपदफा (१) मा रहेका "हाजिर हुन नसकी" भन्ने शब्दहरु पछि "सोही बखत पत्रसहित" भन्ने शब्दहरु थपी सोही उपदफाको खण्ड (घ) पछि देहायको खण्ड (ङ) थप्ने:-

"(ङ) खण्ड (ख) वा (घ) बमोजिम प्रदेश वा स्थानीय तहमा पदस्थापन गर्न नसकिएमा समायोजन हुनु भन्दा अघि बहाल रहेको सम्बन्धित सेवा, समूह वा उपसमूहको सङ्घीय निजामती सेवाको पदमा।"

(२) उपदफा (२) झिकी त्यस पछिको उपदफाक्रम मिलाउने।

(३) उपदफा (३) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने:-

"(२) उपदफा (१) बमोजिम पदस्थापन भएको कर्मचारी सम्बन्धित प्रदेश निजामती सेवा, स्थानीय सेवा वा सङ्घीय निजामती सेवाको पदमा कायम भएको मानिनेछ।"

६१. विधेयकको दफा १२६ को उपदफा (१) को,-

(१) खण्ड (घ) को शुरुमा "मातृत्व तथा" भन्ने शब्दहरु थप्ने।

(२) खण्ड (छ) झिकी खण्डक्रम मिलाउने।

(३) खण्ड (ज) खण्डक्रम मिलाउँदा कायम हुन आउने खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राख्ने:-

"(छ) आन्तरिक पर्यटन बिदा,"

६२. विधेयकको दफा १३४ को उपदफा (१) मा रहेका "सम्भव भएसम्म" भन्ने शब्दहरु झिक्ने।

६३. विधेयकको दफा १३७ को उपदफा (२) को खण्ड (क) मा रहका "वार्षिक कार्यक्रमको प्रगति" भन्ने शब्दहरुको सट्टा "वार्षिक बजेट र कार्यक्रम कार्यान्वयनको प्रगति" भन्ने शब्दहरु राख्ने।

६४. विधेयकको दफा १४३ मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, मन्त्रिपरिषद्ले" भन्ने शब्दहरु राख्ने।

६५. विधेयकको दफा १४४ मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, मन्त्रिपरिषद्ले" भन्ने शब्दहरु राख्ने।

६६. विधेयकको दफा १४६ को ठाउँ ठाउँमा रहेका "निर्देशिका वा कार्यविधि" भन्ने शब्दहरुको सट्टा "निर्देशिका, कार्यविधि वा मापदण्ड" भन्ने शब्दहरु राख्ने।

| | | |
|---|---|---|
| सुरज कुमार दुरा | प्रतिनिधि सभा राज्य व्यवस्था तथा सुशासन समिति २०७४ | माननीय रामहरि खतिवडा |
| समिति सचिव | | समिति सभापति |
| मितिः २०८२/०२/०२ | | मितिः २०८२/०२/०२ |